# बागमती गाउँपालिका

## སྦག་མ་ཏི་ གྲོང་པ་ལི་ཀ

## गाउँ कार्यपालिकाको कार्यालय

बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३ बैशाख ३१ गते बिहीबारको बैठकबाट भएका निर्णयहरु

| क.सं. | प्रस्ताव सँग सम्बन्धित समिति | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | सुशासन तथा संस्थागत क्षमता विकास | बागमती गाउँपालिकाको दरबन्दी सृजन/पुनरावलोकन तथा पद दर्ता गर्न आवश्यक देखिएको हुँदा बागमती गाउँपालिकाको संगठन तथा व्यवस्थापन (O&M) गर्न गाउँपालिकाको प्रशासन शाखालाई पूर्व स्वीकृती प्रदान गर्ने । |
| | | यस गाउँपालिका अन्तर्गत विषयगत शाखा / इकाई / केन्द्र/ कार्यक्रम एवम् सबै वडा कार्यालयहरुबाट भएका विकास निर्माण र सेवा प्रवाह सम्बन्धमा मिति २०८३ जेष्ठ २५ भित्रमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने । |
| | | जिन्सीको पूर्व मूल्य कायम गर्न समिति गठन गर्ने । |
| | | पूर्व सम्झौत अनुरुप CREGC-COVEC JV, काठमाडौंले हाल बगुवामा भण्डारण गरेको सामाग्रीहरु यस गाउँपालिका मार्फत तोकिएको कर्मचारीको रोहबरमा त्यस कार्यालयले पेश गरेको सवारी साधनहरु प्रयोग गरी सम्झौतामा उल्लेख नियमानुसार सामाग्रीहरु ढुवानीका लागि प्रदान गरिएको गाउँपालिका स्तरीय निर्णयलाई अनुमती अनुमोदन गर्ने |
| २. | पूर्वाधार विकास | पूर्वाधार विकास शाखा तर्फका कर्मचारीहरुलाई प्रोत्साहन रकम उपलब्ध गराउने । |
| | | मनसुन वर्षाका कारण क्षेती भएका सडकहरु सुचारु गर्ने कार्यका लागि वडा नं. ५ र ७ का लागि अपुग बजेट विनियोजन गर्ने । |
| | | योजना अनुगमन तथा मूल्याङ्कन शाखाबाट फरफारकका लागि पेश भएका योजनाहरुको फरफारक गर्ने । |
| | | Sthaniya Tahako 30 % Lagat Sajhedarima Suchana Prabidhima Aadharit Krishi Upaj Bazar Kendra Sthapana/Sudridhikaran Yabam Sanchalan योजना सम्बन्धी बोलपत्रका सम्पूर्ण प्रकृया रद्ध गरी पून नयाँ बोलपत्र आव्हान गर्ने । |
| | | कान्ती लोकपथ सडक आयोजना मार्फत निर्माणाधिन कान्ती लोकपथ सडकको छपेली खण्डमा जोडिएको यस गाउँपालिकाको प्रशासनिक भवन जाने हाल सञ्चालनमा रहेको शाखा मार्गलाई नै आवश्यक प्लम वाल, कालोपत्रे लगायतका अन्य अत्यावश्यक संरचनाहरु निर्माण गरी दीगो रुपमा सडक सञ्चालन गर्न कान्ती लोकपथ सडक आयोजनालाई अनुरोध गर्ने |
| ३. | सामाजिक विकास | बागमती गाउँपालिका र सम्पूर्ण वडाहरुलाई २०८३ फाल्गुण मसान्त भित्र बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका र वडा घोषणा गर्ने । |
| | | बागमती गाउँपालिकाको सम्पूर्ण वडाहरुलाई बालश्रममुक्त एवम् बालविवाहमुक्त वडा घोषणा गर्ने प्रतिवद्धता सहित प्रचलित नियमानुसार गर्नु पर्ने कार्यक्रमहरु तय गरी सञ्चालन गर्ने । |
| | | बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ को अनुसुची ३ दफा २१ सँग सम्बन्धित बालमैत्री स्थानीय शासनका न्युनतम ५१ वटा सुचकहरुमा यस गाउँपालिकाको महिला बालबालिका शाखाबाट पेश भएको ९३ वटा स्थानीयकरण गर्ने । |
| | | बागमती गाउँपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्नु पूर्व वडाहरुबाट सूरु गर्नु पर्ने हुँदा सर्वप्रथम १ नं. वडा, घुसेलबाट कार्य प्रारम्भ गर्ने । |
| | | बागमती गाउँपालिकाको बाल क्लब तथा सञ्जाल गठन तथा सहजीकरण मार्गदर्शन निर्देशिका सम्बन्धी कानून यथाशीघ्र तयार गर्ने र सो कानून कार्यान्वयनमा नहुँदा सम्मका लागि यस गाउँपालिकामा "बालबालिकाको संगठन निर्माण र सहजीकरण मार्गदर्शन निर्देशिका, २०७४" लागू गरी कार्यान्वयन गर्ने । |

लोकहरी थापा
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | यस गाउँपालिकाको शिक्षा शाखाबाट तर्जुमा गरिएको बागमती गाउँपालिकाको १० वर्षे शैक्षिक योजना, २०८२ को मस्यौदालाई स्वीकृत गरी कार्यान्वयन गर्ने |
| | | यस गाउँपालिकाले आधारभूत तह कक्षा १-८ लाई स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिसकेको र शिक्षा शाखा मार्फत सोही पाठ्यक्रम बमोजिम तयार गरेको पाठ्यपुस्तकहरुलाई स्वीकृत गरी गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा कार्यान्वयनका लागि पठाउने । |
| | | यस गाउँपालिका भित्रका शैक्षिक संस्थाहरुमा २०८२ चैत्र २२ गते बसेको नेपाल सरकार, मन्त्रिपरिषदको बैठकले शैक्षिक सत्र २०८३ मा शैक्षिक संस्थाहरुमा हप्ताको २ दिन (शनिबार र आइतबार) सार्वजनिक विदा दिने भनि गरेको निर्णयलाई क़ार्यान्वयन गर्ने साथै सो निर्णय कार्यान्वयन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८३/०१/२८ मा बसेको बैठकले गरेका निर्णयहरुलाई कार्यान्वयन गर्ने |
| ४. | आर्थिक विकास | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमहरुबाट सञ्चालित भौतिक पूर्वाधार सम्बन्धी योजनाहरु सञ्चालनार्थ स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने । |
| | | बागमती प्रदेश सरकारबाट प्राप्त उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयनका लागि प्राप्त निवेदनहरु मध्ये तपसिल संस्थाहरुले पेश गरेको आवेदनलाई कार्याक्रममा सहभागी नगराउने ।<br>क. घुसेल दुध तथा तरकारी संकलन केन्द्र, बागमती गा.पा.-१<br>ख. श्री देवता बहुउद्धेश्यी सहकारी संस्था लि., बागमती गा.पा.-७ |
| | | बागमती प्रदेश सरकार, उद्योग तथा वाणिय कार्यालय ललितपुरमा २०८३/०८४ मा यस गाउँपालिकामा कार्यान्वयन हुने गरी गुन्द्रुक उत्पादन तथा प्रशोधन उद्योग सञ्चालन योजना पेश गर्ने । |
| ५. | वन वातावरण तथा विपद् व्यवस्थापन | बारबरा ईन्जिनीयरिङ्ग कन्सल्टेन्सी प्रा.लि., काठमाडौंबाट पेश गरिएको यस गाउँपालिका भित्रका बागमती नदी, खानीखोला र भालु खोलाको बगर तथा आसपासका क्षेत्रबाट दिगो तथा वातावरणमैत्री रुपले ढुङ्गा गिट्टी तथा बालुवा (नदिजन्य पदार्थ) उत्खनन् तथा संकलन् गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को मस्यौदा प्रतिवेदन स्वीकृत गरी अन्तिम स्वीकृतीका लागि जिल्ला समन्वय समिति, ललितपुरमा पेश गर्ने । |
| | | गाउँपालिका भित्रका विभिन्न स्थानका पक्की पूलहरुको आसपासमा वर्षाको समयमा ती स्थानका खोलामा भेल बाढीले जम्मा गरेको ढुङ्गा, गिट्टी, माटो भरानका कारण भौतिक संरचनाहरुमा क्षति पुगेको साथै ती संरचनाहरुको दीगोपनामा ह्रास आइ थप विपद् जोखिम हुनसक्ने देखिएको हुँदा उक्त स्थानहरुबाट थुप्रिएका ढुङ्गा, गिट्टी, माटो भरान लगायतका सामाग्रीहरुलाई हटाउनका लागि आवश्यक प्रकृया अगाडि बढाइदिन जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने । |

प्रकाशन मिति :- २०८३/०२/०१

लोकहरी थापा
प्रमुख प्रशासकीय अधिकृत